म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २ बुधबार १६ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 31 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- लामखुट्टेको टोकाईबाट बच्न आवश्यक उपायको अवलम्वन गरौं ।
- घरवरिपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।
- लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुख्यमन्त्री लामाले पाए ६४ सांसदको विश्वासको मत

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले प्रदेशसभाको बहुमत अर्थात ६४ सांसदको विश्वासको मत पाएका छन् ।

प्रदेशसभा बैठकमा मुख्यमन्त्री लामाले संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेशसभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिनका लागि प्रस्ताव पेश गरेका थिए । विश्वासको मत माग्दै लामाले वर्तमान सरकारले राजनीतिक स्थिरता र व्यवस्थालाई बलियो बनाउन काम गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।



सरकारका मन्त्रीहरुलाई अधिकतम समय हेटौंडामा रहेर काम गर्ने निर्देशित गरेको उनको भनाइ छ । संघीयता बलियो बनाउन संविधानको कार्यान्वयनका लागि संघीय सरकारसँग पहल गर्ने उनले बताए । समस्याका विषयमा छलफल गरेर प्रदेशको विकास र समृद्धिका लागि सबै दलसँग सहकार्य गर्ने मुख्यमन्त्री लामाले बताए । मुख्यमन्त्री लामाले माओवादीले आफूलाई विश्वासको मत दिनुपर्ने बताएका छन् ।

प्रस्तावको छलफलमा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री लामाले विगतमा कांग्रेस प्रतिपक्षमा रहेर तत्कालीन शालिकराम जम्कट्टेललाई मत दिएको बताए । विगतमा मत हालेको आधारमा माओवादीलाई विश्वासको मत पैँचो बाँकी रहेको उनले बताए । पैँचो फिर्ता हुन्छ भन्नेमाआफू विश्वस्त रहेको उनको भनाइ थियो । विश्वासको मत नदिए ब्याज लाग्ने उनले बताए ।

११० सदस्यीय प्रदेशसभामा सरकारका लागि ५६ सांसदको बहुमत समर्थन आवश्यक हुन्छ । नेपाली कांग्रेसका ३७ र नेकपा एमालेका २७ सांसदले प्रस्तावको पक्षमा मत दिएका छन् । नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) राप्रपा, हाम्रो नेपाली पार्टीका गरी ३५ सांसदले प्रस्तावको विपक्षमा मत दिएका छन् । नेमकिपा तटस्थ बसेको छ । प्रदेशसभा बैठकमा १०३ जना सांसद उपस्थित थिए ।

प्रस्तावमाथिको छलफलमा एमालेबाट जगन्नाथ थपलिया, नेपाली कांग्रेसबाट रामकृष्ण चित्रकार, नेकपा माओवादी केन्द्रबाट युवराज दुलाल, राप्रपाबाट उद्धव थापा, एकीकृत समाजवादीबाट कृष्णप्रसाद शर्मा खनाल, नेमकिपाबाट सुरेन्द्रराज गोसाईंले धारणा राखेका थिए । सभामुख भुवनकुमार पाठक्ले प्रदेशसभा बैठक १६ साउन १ बजेसम्मका लागि स्थगित गरेका छन् ।

प्रदेशसभाको दोस्रो कार्यकालको १९ महिनामा लामाले लिएको विश्वासको मत चौथोपटक हो । यसअघिका मुख्यमन्त्री माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले सत्तासमिकरण फेरबदल भइरहेका कारण २५ पुस २०७९ यता मात्रै तीन पटकसम्म विश्वासको मत लिएर सरकार टिकाएका थिए । जम्कट्टेलल ३ माघ २०७९ मा पहिलोपटक १०५ जना सांसद, एमालेले सरकार छाडेपछि कांग्रेस, एकीकृत समाजवादीको समर्थनमा १० चैतमा दोस्रोपटक ६७ सांसद र कांग्रेसले सरकार छोडेपछि १९ चैत २०८० मा एमाले, एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीसँगको समर्थनमा तेस्रोपटक ५६ सांसदको विश्वासको मत लिएका थिए ।

जम्कट्टेलले ६ साउनमा राजीनामा दिएसँगै एमालेको समर्थनमा नेपाली कांग्रेसको तर्फबाट लामा मुख्यमन्त्री बने । ८ साउनमा मुख्यमन्त्री नियुक्त भएका लामाले ९ साउनमा प्रदेशप्रमुख यादवचन्द्र शर्माबाट सपथ लिए । त्यसको दुई दिनपछि मन्त्रिपरिषद्लाई पूर्णता दिए । प्रदेश मन्त्रिपरिषद्मा कांग्रेसका मुख्यमन्त्रीसहित ८ र एमालेबाट ६ जना मन्त्री छन् ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद् कार्यालय बाहेक १२ वटा मन्त्रालय रहेको बागमतीमा १३ मन्त्री छन् । मुख्यमन्त्री लामाले नेपाली कांग्रेसका विनाविभागीय मन्त्री मधुकुमार श्रेष्ठलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै रहने गरी जिम्मेवारी दिएका छन् ।

यसैगरी, नवनियुक्त मुख्यमन्त्री लामा बागमतीका पाँचौं मुख्यमन्त्री हुन् । उनले मुख्यमन्त्री बनेसँगै कांग्रेसबाट बागमतीमा पहिलो र तामाङ समुदायबाट पहिलो मुख्यमन्त्री हुनेमा नाम लेखाए । बागमती प्रदेशको ७ वर्षको अवधिमा हालसम्म पाँचजना मुख्यमन्त्री बनेका छन् । २०७४ देखि मंसिर २०७९ सम्मको पहिलो कार्यकालमा तीनजना र दोस्रो कालको हालसम्म प्रदेशले २ मुख्यमन्त्री पाइसकेको छ । पहिलो कार्यकालमा एमालेका डोरमणि पौडेल र अष्टलक्ष्मी शाक्य, नेकपा (एकीकृत समाजवादी)का राजेन्द्रप्रसाद पाण्डे मुख्यमन्त्री बने ।

माघ २०७४ मा देशका सात प्रदेशमध्ये बागमतीमा तत्कालीन नेकपाको नेतृत्वमा पहिलोपटक सरकार गठन भएको थियो । जसको नेतृत्व डोरमणि पौडेलले गरे । ४२ महिनाको सरकार नेकपा विभाजनका कारण ढल्यो र नेकपा एमालेलाई पनि विभाजनको सम्भावित क्षतिबाट रोक्न अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनिन् । उनी तत्कालीन एमाले नेता माधवकुमार नेपाल पक्षकी थिइन् । केपी शर्मा ओलीले शाक्यलाई मुख्यमन्त्री बनाएर एमालेको विभाजन रोक्ने रणनीति लिएका थिए ।

# बागमतीमा ७ वर्षमा ४ प्रदेशप्रमुख

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ संघीयता कार्यान्वयनको ८ वर्ष पूरा हुनै लाग्दा बागमती प्रदेशले ४ प्रदेशप्रमुख प्राप्त गरिसकेको छ । राजनीतिक भागबण्डाका आधारमा नियुक्ति हुने र राजनीतिक समीकरण फेरिएसँगै प्रदेशप्रमुख पनि परिवर्तन हुने गरेका छन् ।

केन्द्रमा राष्ट्रपतिको कार्यकाल ५ वर्ष हुने र सोही अनुसार प्रदेशप्रमुखको कार्यकाल पनि ५ वर्षको हुने व्यवस्था रहे पनि सरकार परिवर्तनसँगै प्रदेशप्रमुख फेरबदल हुने क्रम रहेको हो । सोही सिलसिलामा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बागमतीसहित तीन प्रदेशमा प्रदेशप्रमुख परिवर्तन गर्ने निर्णय गरेको छ । नेपालको संविधानको धारा १६३ को (१) बमोजिम प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रदेशप्रमुख रहने व्यवस्था रहेको छ भने (२) राष्ट्रपतिले प्रदेशप्रमुख नियुक्त गर्ने र (३) प्रदेशप्रमुखको पदावधि पाँच वर्ष हुने व्यवस्था रहेको छ ।

पदावधिअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्नसक्ने प्रावधान संविधानमा रहेको छ । संघीय संसद्को सदस्य हुन योग्य भएको, ३५ वर्ष उमेर पूरा भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति प्रदेशप्रमुख नियुक्त हुनसक्ने संविधानको धारा १६४ को (क), (ख) र (ग) मा उल्लेख छ । संघीयतापछिको पहिलो कार्यकालमा बागमतीले ३ प्रदेशप्रमुख प्राप्त गरेको थियो । हाल सरकार परिवर्तनसँगै समयअगावै बागमतीमा अर्को प्रदेश प्रमुख प्राप्त गर्ने सम्भावना बढेको छ ।

सुरुवातका २ प्रदेश प्रमुखले अत्यन्त कम अवधिमात्र काम गर्ने अवसर पाए भने पछिल्लो एक प्रदेशप्रमुखको उनीहरुको भन्दा दोब्बर कार्यकाल रह्यो । २०७४ माघ ३ गते तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले बागमती प्रदेशप्रमुखमा अनुराधा कोइरालालाई पठाएको थियो । कोइरालालाई हटाएर २०७६ कात्तिकमा तत्कालीन केपी शर्मा ओली सरकारले विष्णु प्रसाईंलाई नियुक्त गर्‍यो भने सरकार परिवर्तनसँगै २०७८ भदौमा पुन: प्रधानमन्त्री बनेका शेरबहादुर देउवा सरकारले यादवचन्द्र शर्मालाई प्रदेशप्रमुखका रुपमा पठाएको थियो ।

संघीयता कार्यान्वयनको चरणमा पहिलोपटक अनुराधा कोइरालालाई तत्कालीन संघीय सरकारले २०७४ माघ ५ मा बागमती प्रदेशका लागि प्रदेशप्रमुख बनाएको थियो । २०७४ को निर्वाचनपछि बनेको ओली नेतृत्वको सरकारले कोइरालालाई हटाएर विष्णुप्रसाद प्रसाईंलाई प्रदेशप्रमुखको जिम्मेवारी दियो । कांग्रेसको कोटामा प्रदेशप्रमुख नियुक्त भएकी कोइरालाले १ वर्ष १० महिना अवधि बागमतीको प्रदेशप्रमुख हुने अवसर पाइन् । उनले २०७४ माघ ५ देखि २०७६ कात्तिक १९ सम्म प्रदेश प्रमुखको भूमिका प्राप्त गरिन् ।

२०७६ कात्तिक १८ गते विष्णु प्रसाईंले प्रदेशप्रमुखको जिम्मेवारी लिएका थिए । एमालेको कोटामा प्रदेशप्रमुख भएका उनले १ वर्ष ९ महिना कार्य गर्ने अवसर पाए । २०७४ मा झापाको मेचीनगर नगर पालिकाको मेयर पदमा एमालेबाट निर्वाचनमा प्रतिस्पर्धा गरेका प्रसाईं पराजित भएपछि प्रदेशप्रमुख नियुक्त भएका थिए । २०७७ फागुनमा नेकपा विभाजन भयो । एमाले र माओवादी केन्द्र साबिककै अवस्थामा फर्किएको केही समयपछि मुलुकको राजनीतिक कोर्स नै परिवर्तन भयो ।

सो पश्चात् ५ दलीय गठबन्धनको सरकार बनेसँगै २०७८ भदौ ३ गते प्रसाईंलाई हटाएर यादवचन्द्र शर्मालाई प्रदेशप्रमुखको जिम्मेवारी थमाइयो । प्रसाईंले २०७६ कात्तिकदेखि २०७८ भदौसम्म प्रदेशप्रमुख भएर कार्य गर्ने अवसर पाए । २०७८ भदौ ४ मा प्रदेशप्रमुख नियुक्त भएका शर्मा एकीकृत समाजवादी निकट हुन् । माधव नेपालका विश्वासपात्र शर्मा सत्तागठबन्धन परिवर्तनसँगै पदमुक्त हुनेमा स्पष्ट थिए । ३ वर्ष प्रदेश प्रमुखको जिम्मेवारी प्राप्त गरेका उनलाई सोमबार बसेको मन्त्रिपरिषद्ले पदमुक्त गर्ने निर्णय गरेको हो भने उनको ठाउँमा दीपकप्रसाद देवकोटा नियुक्त भएका छन् । धनगढीका देवकोटा एमाले अनुशासन आयोगका सदस्य हुन् ।




# बागमती प्रदेशमा अपराधका घटना बढे

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले सार्वजनिक गरेको तीन आर्थिक वर्षको तथ्यांक अनुसार गत आवमा मुद्दा दर्ता र अपराधका घटना बढेको छ ।

बागमती प्रदेशका काठमाडौं उपत्यकाको तीन जिल्ला बाहेकका १० जिल्लामा १० प्रतिशतले अपराधका घटना बढेको जनाइएको छ । आव २०७८/७९ मा चार हजार ४०५ र आव २०७९/८० मा चार हजार ६७९ अपराधका घटना भएकोमा गत आवमा पाँच हजार १९७ मुद्दा दर्ता र अपराधका घटना भएका छन् । प्रहरीका अनुसार अघिल्ला आवको तुलनामा गत आवमा ९.९६ प्रतिशतले अपराध बढेको देखिन्छ ।

गत आवमा संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना बढेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको तथ्यांकले देखाएको छ । प्रदेशको तीन आवको तथ्यांकले बैंकिङ कसुर र वित्तीय अपराधका घटनामा वृद्धि भएको देखाएको हो । संगठित तथा आर्थिक अपराध सम्बन्धित घटना आव २०७८/७९ मा ५६३ भएकोमा आव २०७९/८० मा वृद्धि भई ९०४ र गत आवमा एक हजार ३३४ पुगेको छ ।

यस्तै गत आवमा ज्यानसम्बन्धी ९९१, आत्महत्या सम्बन्धी ९९७, चोरीसम्बन्धी २६५, सामाजिक अपराधसम्बन्धी ८४९, सवारीसम्बन्धी ३१० र अन्य ४७१ अपराधसँग सम्बन्धित घटना भए । गत आवमा ३५२ लागुऔषध, ४८ कर्तव्य ज्यान, २८६ जबरजस्ती करणी, आठ मानव बेचबिखन तथा ओसारपसार, पाँच अपहरण तथा शरीर बन्धक, दुई डाँका र अन्य २७ अपराधका घटना भएका छन् ।

गत आवमा २८६ वटा जबरजस्ती करणी, ४६ बहुविवाह, ५१ जबरजस्ती करणी उद्योग, आठवटा मानवबेचबिखन तथा ओसारपसार र दुईवटा बालविवाहसँग सम्बन्धित अपराधका घटना भएका छन् ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० %
बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# कार्यसम्पादन करार सम्झौता

थाहा नगरपालिकामा आर्थिक वर्ष २०८१/८२ का लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्यसम्पादन सम्झौता भएको छ । सोमबार नगर कार्यपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख विष्णु विष्ट र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीबीच कार्यसम्पादन करार सम्झौता भएको समाचार आएको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली, निजामती सेवा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन र नेपाल सरकारद्वारा समयसमयमा जारी निर्देशन र परिपत्रहरुमा आधारित भई प्रमुख प्रशासकीय अधिकृतको हैसियतमा आर्थिक वर्षभरि सम्पादन गर्ने कार्यको सम्बन्धमा नगरप्रमुखसँग कार्यसम्पादन करार गरिएको थाहा नगरपालिकाले जनाएको छ । २०४६ को परिवर्तनपछिका दिनमा कर्मचारीतन्त्रमा ढिलासुस्ती, भ्रष्टाचार र नागरिकप्रति असंवेदनशीलता जस्ता चरित्र देखापरेको छ । यो कार्यसम्पादन करार पनि एकप्रकारको नाटक मञ्चन नै हो भन्दा फरक नपर्ला । थाहा नगरका कर्मचारीमा धेरै समस्या छैनन् होला तर, समग्र कर्मचारीतन्त्रमा यो समस्या ब्यापक छ । कर्मचारीतन्त्रको विकल्प खोजी गर्न सकिएन भने केही वर्षपछि बिकराल समस्या आउँदैछ ।

यसको पछिल्लो उदाहरण युवा पलायन पनि हो । कर्मचारीतन्त्रका दोष केलाउन कुनैपनि सरकार तयार छैन । किन भने जुनसुकै सरकार आएपनि कर्मचारीतन्त्रले काम गर्न दिएको छैन । नयाँ सार्वजनिक व्यवस्थापनले निजीक्षेत्रमा भएका असल अभ्यासलाई सार्वजनिक क्षेत्रमा अनुसरण गरेर कर्मचारीतन्त्रमा सुधार गर्न खोजियो । फलस्वरुप कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यलाई नतिजामूलक बनाउन कार्यसम्पादन करार सम्झौता प्रयोगमा आयो । तर, यसमा नयाँपन केही छैन । जंगबहादुरको पालामा बनेका ऐन कानूनको दफा पल्टाएर बस्ने कर्मचारी संयन्त्रले ईमान्दारितापूर्वक काम गर्न सकेको छैन । दलीय भागबण्डामा सरुवा, बढुवा हुने अवस्थाका कारण कर्मचारी संयन्त्र दोषमुक्त बन्न सकेको छैन । सरकार परिवर्तन हुनेबित्तिकै कर्मचारी सरुवा हुने अवस्थाले पनि कर्मचारीले काम गर्न सकेका छैनन् । कामको प्रभावकारिता, गुणस्तर, समयसीमा, लागत, परिणाम, जिम्मेवारी, जवाफदेहिता तथा प्रोत्साहन सुविधालगायत किटान गरी मापनयोग्य सूचकका आधारमा कामको मूल्यांकन गर्ने व्यवस्थासहित संगठन र जिम्मेवार पदाधिकारीबीचको करारलाई कार्यसम्पादन करार भनिन्छ । कार्यसम्पादन करार एक व्यवस्थापकीय औजार हो । तर, त्यो औजार पनि कर्मकाण्डी बनाइएको छ । सर्वसाधारण नागरिकले कुनैपनि सरकारी निकायमा काम लिन अतिरिक्त दस्तुर बुझाउनु पर्ने बाध्यता रहेसम्म यस्ता कर्मकाण्डी करार संझौताले केही परिवर्तन हुनेवाला छैन ।

थाहा नगरमा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएसँगै प्रमुख प्रशासकीय अधिकृत र शाखाप्रमुखहरुबीच कार्यसम्पादन सम्झौता भएको छ । सम्झौतामा हस्ताक्षर अघि शाखाप्रमुखहरुले आफू र आफ्नो शाखाबाट वर्षभरिमा सम्पादन हुने कार्यको बारेमा जानकारी गराउँदै करारपत्रवाचन गरेका थिए । नगरको संगठनात्मक संरचनाअनुसार शाखा तथा कार्यक्रम प्रमुखले कार्यसम्पादन करार गरेको नगरका प्रशासन महाशाखाले जानकारी दिएको छ । काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्नुको सट्टा दुर्गम पठाउने र चाकडी गर्ने कर्मचारीलाई सुगममा राख्ने अवस्था रहेसम्म यस्ता करार संझौता केवल देखाउनका लागि मात्र हुनेछ । सर्वसाधारण जनताका लागि यो करार संझौता कौवालाई बेल पाकेसरह नै हुने हो । जबसम्म काम गर्नेलाई प्रोत्साहित गर्ने र काम नगर्नेलाई दण्डित गर्ने अवस्था आउँदैन तवसम्म यस्ता करार संझौता कर्मकाण्डी मात्रै हुनेवाला छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १७ गते बिहीबार १ अगष्ट २०२४ । द्वादशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२८, सूर्यास्त ६:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# आखिर यो कथा कसको लागि ?



✍ अस्मिता विष्ट

संघर्षबाट थकित, कर्तव्य र सपनाको भारबाट अर्धमूर्छित हामी शहरबासी मुक्ति/उन्मुक्तिको हावामा सास फेर्न आतुर भएका बखत के गर्छौं ? सायद प्रवेश गर्छौं- कल्पनाको तिलस्मी संसारमा । त्यो संसार सायद सिनेमा हुनसक्छ वा हुनसक्छ कहिलेकाहीँ कन्सर्ट । त्यो हुनसक्छ- टेलिभिजनका गुलाबी पर्दामा आउने रियालिटी सो, फुटबल, क्रिकेट, ब्यूटी पजेन्ट पनि वा कहिलेकाहीँ पुराण । मन जब अशान्त हुन्छ र कुनै ठूलो पहाडले थिचेझैं अनुभूति हुन्छ वा बाक्लो कुहिरो ढम्म बसेझैं प्रतीत हुन्छ तब अघि बढ्न तय गरिएका गोरेटो अन्योलमा पस्छ । त्यसपछि लाग्छ, जिन्दगीको लय त्यसैत्यसै बिग्रिएको छ ।

त्यसबेला हामी आफूलाई एउटा स्थिर तातिर डोऱ्याउने हात खोजिरहेका हुन्छौं । र फदयमा शान्ति सञ्चार गराउने मखमली कथा सुन्न चाहिरहेका हुन्छौं । सँगसँगै हामीलाई सपना देखाउने, सपना पूरा गरिदिने साथ पनि खोजिर हेकै हुन्छौं । त्यस घडीमा हाम्रो सामु आएर हार्दिकताले बढाएको कुनै पनि हातमा हामी सजिलै आफ्नो हात राखिदिन्छौं । सायद कहिलेकाहीँ त्यो हातले हामीलाई उन्मुक्तिको बाटोमा डोऱ्याउँछ । र सायद यस्तो पनि हुनसक्छ- कहिलेकाहीँ अन्धविश्वासको गहिरो खाडलमा पनि जाकिदिन्छ ।

झण्डै सय वर्ष अघिकी योगमायाको सम्झना गरौं । योगमायाले नेपालको पूर्वी पहाडमा सामाजिक र राजनीतिक अन्यायमा परेर पिल्सिएका आफ्नै र छिमेकी गाउँका मानिसको फदयमा मल्हम लगाएकी थिइन् । र सुनाएकी थिइन्- करुणाले ओतप्रोत अनि क्रान्तिले ओजिलो स्वर मा कैयौं भजन-प्रवचन ।

उसबेला ज्ञानको आभाले प्रदीप्त भएको थियो होला योगमायाको मुहार । उनी आफैंले भोगेकी थिइन्, दु:खको अन्त्यहीन शृंखला । सुनेकी थिइन्- पति गुमाएर सति जान बाध्य पारिएका दिदी, बहिनी, आमा, भाउजूका चित्कार ।

त्यसैले उनले बोलेका आवाज त्यही दु:खको गहिरो इनारबाट निस्किएको प्रतिध्वनि थियो । तिनका आवाजले बनेका थिए, सयौं अनुयायी । उनको क्रान्तिमा बुलन्द स्वरले डोरिएका थिए, उनीजस्तै पीडा बाँचिरहेका मानिसहरू । र तिनको लक्ष्य एउटै थियो- राणाविरुद्धको विद्रोह ।

योगमायाको प्रवचन सुन्न आउनेहरू दिनभरी मिठामिठा कथा सुनेर, भजनमा रमाएर, नृत्यमा मग्न भएर साँझमा आफ्नो मुलायम बिछ्यौनामा आराम गर्दै रंगीन भविष्यका कल्पना गर्नेहरू थिएनन् । बरू अन्याय र विभेदको खाडलबाट निस्कन संघर्ष गर्नेहरू थिए । योगमायाले तिनलाई सिकाएकी थिइन्- परोपकारको पाठ, कर्तव्यको पाठ, करुणाको पाठ, सनातन हिन्दू धर्मले पढाएका सच्चा पाठ ।

योगमायाझैं धार्मिक कथा-वाचकका अनुयायी नेपाली समाजमा दिनप्रतिदिन बढिरहेकै छन् । सत्संग र अनेक धार्मिक कार्यले हामीलाई झनझन् बढी सम्मोहित गरिरहेको छ । यसो हुनुका अनेकौं कारण होलान्- धर्म, समुदायप्रतिको असिम प्रेम र लगाव होला वा त्यहाँ व्यतित गरिएको सन्तोषजनक आनन्दप्रदायक क्षण होला वा दान गरेर पुण्य कमाइने अपूर्व आनन्द पनि होला ।

कथा वाचकको मखमली आवाज वा तिनको मुहारमा हरदम देख्न पाइने सम्मोहित मुस्कान पनि होला । त्यहाँ वाचन गरिने कथा अद्वितिय हुन सक्छन् । तर कारण जे भए पनि कथा केवल कथा हुने हो भने वा त्यसलाई कथाकै रूपमा ग्रहण गर्ने हो भने स्रोतालाई सुन्दर अनुभूति/अनुभव हुन्छ ।

कथा धर्मप्रचार हो भने सहभागी र आयोजकका निम्ति पनि त्यो सन्तुष्टिको विषय हुँदो हो । तर कथाबीच दिइने व्यक्तिगत अभिव्यक्तिले यदि समाजको निमित्त एउटा गलत भाष्य निर्माण गर्ने प्रकृतिको भयो भने चाहिँ के होला ?

हिजोआज सामाजिक सञ्जालामा व्यापक सेयर गरिएको यस्तै एउटा धार्मिक कथाले मेरो पनि ध्यान आकृष्ट भयो । त्यसले मेरो मस्तिष्कमा थुप्रै प्रश्न उब्जायो । आखिर यो कसको कथा हो ? यो कसले सुन्न चाहेको कथा हो ? यो आजको हाम्रो समाजको कथा हो ? समाजमा भिजेर, योगमायाले झै समाज बुझेर भनिएको कथा हो ? वा भेला भएका मानिसको विचार बटुल्ने कथा ? यो घर जोड्ने कथा हो कि कसैको जीवनलाई छियाछिया बनाउने कथा ?

हामीले हुर्काउँदै गरेका छोरीहरूलाई अन्याय सहन सिकाउने कथा हो कि विवेक गुमाएर हाम्रा भाउजू/दिदी/बहिनी/आमा/छोरीलाई निर्ममतापूर्वक हिंसा गरिरहेका दाजु/भाइ/ज्वाइँ/बुबाहरूले गरेको हिंस्रक व्यवहारमा ताली बजाउन सिकाउने कथा ?

अहिलेका कुन बुबाले तिनका प्राणभन्दा प्यारी छोरी एउटा हिंस्रक पतिसँग विवाह बन्धनमा बाँधिएकै भरमा जीवन उसैसँग बिताओस् भन्ने चाहना राख्ला ? अहिलेका बुबाहरू त छोरीहरू हरेक क्षेत्रमा अब्बल बनोस्, उसले कुनै प्रकारको अन्याय-अत्याचार विरुद्ध प्रखर आवाज उठाओस् भन्ने कामना गर्छन् । त्यही अनुसार वातावरण प्रदान गर्न तत्पर देखिन्छन् ।

अहिलेका आमाहरू छोरीको सुरक्षालाई सर्वोपरी मानेर त्यही अनुरूपको कानुन बनाउन लागिरहेकै छन् । घर होस् वा विद्यालय वा कार्यालय, कतै पनि छोरीको सुरक्षा वर्तमानमा सबभन्दा प्राथमिकतामा राखिने विषय हो । यदि त्यसो भए कोटीहोममा हजारौं सहभागीबीच वाचन गरिएको यो कथा कसको हो ?

हाम्रो देशले विगत केही वर्षमा ठूलो छलाङ मारिसकेको छ । भलै त्यो आर्थिक उन्नतिको छलाङ होइन होला, तर सामाजिक चेतनाको छलाङ भने अवश्य हो । यो परिवर्तन आत्मसात् नगरी वाचन गरिएको कुनै पनि कथाले त्यो श्रवण गर्नेलाई सन्तुष्टि प्रदान गर्न सक्दैन । र यो उसको कथा हुन सक्दैन ।

त्यसैले धर्मप्रति उद्वेलित भएर कथा वाचकले सुनाएका कथामा क्षणिक सहमत भएको भ्रममा हजारौं हातबाट बजेका तालीका गडगडाहट केही समयपछि विनाशको विगुल जस्तो सुनिन सक्छ । धर्मसँग गाँसिएको कथाले त अन्यायविरुद्ध आवाज उठाउन सिकाउँछ, कृष्णले पाण्डवलाई सिकाएझैं, न कि अत्याचार सहन गर्न ।

कर्म कर्तव्य हो, करुणा हो, प्रेम हो । यसको गलत व्याख्या जतिसुकै मधुर मुस्कानका साथ, जतिसुकै मखमली आवाजमा गरे पनि त्यसलाई सचेत मस्तिष्कले ग्रहण गर्दैन ।

आखिर मखमली आवाज, मधुर मुस्कान, कान्तीमय मुहार क्षणिक हो, तर त्यो व्यक्तित्वबाट निसृत: विचार चाहिँ स्थायी हो । यदि त्यो विचारले मानिसलाई सद्भाव र प्रगतिको पथमा डोऱ्याउँछ भने मात्रै अनुकरणीय हुन्छ, नत्र त्यो केवल एक बरबराहट हुनसक्छ ।

कुनै पनि विषयमा स्थायित्वको निमित्त परिवर्तन अपरिहार्य हुन्छ । चाहे त्यो धर्मसँग गाँसिएकै विषय नै किन नहोस् । जुन धर्मले मानवतालाई गौण ठान्छ वा कुनै पनि प्रकारको विभेदलाई बढावा दिन्छ, त्यो धर्मको संकुचन निश्चित छ ।

समयको बदलावसँग बदलिनुपर्नेमा धर्मग्रन्थमै उल्लेखित दृष्टान्तलाई चटक्कै बिर्सिएर कुनै जाति, लिंग वा वर्गको भावनामा चोट पुऱ्याउने कार्य गर्नु भनेको कथा वाचक आफ्नो कर्तव्यबाट विमुख हुनु हो । धार्मिक ग्रन्थमा उल्लेखित पात्रको दृष्टान्त दिँदै महिलाले प्राप्त गरेको र उपभोग समेत गरेको स्वनिर्णयको अधिकार बिर्सनु चाहिँ अपरिपक्वताको सूचक हो । पाण्डवले द्रौपदीलाई गरेको असिम प्रेम र सम्मानको उल्लेख गर्न बिर्सिएको कथा, अपूरो कथा होइन ?

पाण्डवहरूले माता कुन्तीलाई गरेको सम्मान वा गंगाले लिएको आत्मनिर्णयको अधिकार लाई शान्तनुले गरेका सम्मानको कथाका दृष्टान्तले हो- हाम्रो समाजमा पारिवारिक सद्भाव बढाउने । यस्ता कथाले पो पति-पत्नीलाई, माता-पुत्रलाई एकआपसमा प्रेम र सम्मानको भावना बढाउन अभिप्रेरित गर्छ ।

यसरी पुरुष-महिलाले एकआपसमा प्रेम र सम्मान गरेका प्रशस्त दृष्टान्त छन्, हाम्रा धार्मिक ग्रथहरूमा । कुरा यत्ति हो हामी ती कथालाई कसरी प्रस्तुत गर्छौं ?

फेरि कथाकै कुरा गरौं । कथा वाचकले कथा सुनाउँदै गर्दा स्रोतालाई पनि ध्यान दिएकै हुन्छन् । अहिले सर्सती हेर्दा के देखिन्छ भने पुराण सत्संगमा धेरैजस्तो स्रोता महिला हुने गर्छन् । तिनले आफ्नो अमूल्य समय दिएर एउटा पुस्ता हुर्काइरहेका छन् ।

यदि यस्तै कथाको प्रभावमा परेर कोही महिलाले आफ्नी छोरीलाई अत्याचार सहन गर्ने पाठ पढाए भने वा पतिको हिंसा सहनुपर्छ त्यसलाई प्रतिवाद गर्नु हुन्न भन्ने पाठ पढाए भने के होला ? तिनले आफ्ना छोरालाई परमेश्वर बन्ने अभ्यास गराए भने कस्तो होला ? त्यसपछि हाम्रो भविष्यको स्वरूप कस्तो होला ?

अनन्त: संघर्षहरू पछि आएको महिलाको हक, अधिकार कागजमै सीमित रहला र त्यसले धज्जी उडाउला महिला स्वतन्त्रताको । अनि आफ्नी छोरी अत्याचारको जाँतोमा पिसिएको हेर्नुपर्ने अवस्था आउला ? त्यस्तो भए के धड्किइरहन सक्ला ती छोरीहरूमा प्राण अड्किएको बुबाहरूको मुटुमा ? यस्ता कथाले डोहोऱ्याउलान् त हामीलाई स्थिरतातिर ? वा ती कथाले गराउलान् त हाम्रो फदयमा शान्तिको सञ्चार ?

(साभार: अनलाइनखबर)

# २०१७ को शाही कदम र आजको दलीय अहंकार

✍ डिल्लीराम मिश्र "कलमजीवी"

२००७ सालको जनक्रान्ति सहमति र विमतिका आधारमा श्री ५, श्री ३ र नेपाली कांग्रेसबीच भारतीय नेता पं. जवाहरलाल नेहरूको सान्निध्यमा त्रिपक्षीय दिल्ली सम्झौता भएको थियो । यसैद्वारा नेपालमा प्रजातन्त्रको उदय भएको हो । श्री ५ त्रिभुवनले आफ्नो शाही घोषणाद्वारा नेपाली जनतालाई प्रदत्त गरेको मौलिक अधिकार प्रयोग गर्न २०१५ सालसम्म फर्कनु इतिहास स्वयंमा दोषी अवश्य पनि थिएन ।

यसो हुनुमा पनि दिल्ली सम्झौतासँगै जन्मिएको असहमति र असमझदारी कालान्तरमा गएर दलगतरूपमा देखिएको आपसी कलह नै प्रजातन्त्र र विकास पक्षको बाधक बन्न पुग्यो । यस्तै बाधकका बीच नेपालमा पहिलोपटक सम्पन्न आमनिर्वाचनमार्फत नेपाली जनताले नेपाली कांग्रेसलाई संसद्मा ६७.८९ प्रतिशत जनादेश दिएर राज्य शासन सञ्चालन गर्ने दायित्व सुम्पेका थिए, तर बीपी कोइरालाको नेतृत्वमा रहेको जननिर्वाचित सरकारले १८ महिने कार्यकाल मात्र पूरा गऱ्यो ।

नेपालको राजनीतिक इतिहासमा २०१७ साल पुस १ गतेको शाही कदम किन आयो ? कसरी आयो ? केका लागि आयो ? र, यसको कारक के हो ? कदम आवश्यक थियो वा थिएन ? आदिबारे आजसम्म पनि यस कदमप्रति सहमति र विमति गर्ने सबैका लागि चिरस्मरणीय बनेको छ । २०१७ साल आउनुका पछाडि यसका पृष्ठभूमिहरू के-कस्ता थिए ? यसबारेमा पनि वस्तुवादी मूल्याङ्कन नितान्त आवश्यक छ ।

आज यस घटनाले छ दशकभन्दा बढीको इतिहास निर्माण गरेको छ । यति लामो समयावधिमा यसको पक्ष-विपक्षमा अन्धभक्त भएर हजारौं हजार पृष्ठहरू लेखिएका छन् । विशेष गरी २०४६ सालपछि पुस १ गतेको परिघटनालाई लिएर त्यसयताका भाषण, सञ्चारमाध्यम र छापा सामग्रीहरूमा धारावाहिक रुपमा चरम असन्तुलित विचारहरू निरन्तर प्रवाह भइरहेकै छन् । यस क्रममा श्री ५ महेन्द्र र बीपी कोइरालाको व्यक्तित्वसँग जोडेर एक-अर्कालाई उचाल्ने र खसाल्नेजस्ता प्रवृत्ति र चरित्र दुवै पक्षका संवाहकहरूमा देखिएको छ, तर यसबाट कहिल्यै पनि सही गन्तव्यमा पुगिँदैन ।

अब यस परिघटनाका बारेमा बहस गरिरहनु भनेको समय र श्रमको बर्बादी मात्र हो । जननेता बीपी कोइरालाको नेतृत्व सरकारमा रहेपछि देशभित्र गरिने विकास निर्माणका कार्यहरूप्रति श्री ५ महेन्द्रबीच तादात्म्यता हुन सकेको थिएन । दाङदेउखुरी जलकुण्ड योजना, विदेशीलाई नेपाली नागरिकता दिने सवाल, नेपालको रक्षा र वैदेशिक नीतिबारे विवाद, गण्डक योजना सम्झौता, श्री ५ को निजी सचिव र क्याबिनेट काण्ड तथा संयुक्त राष्ट्रसैमा नेपाल सार्वभौम स्वतन्त्र राष्ट्र होइन भन्नेजस्ता पक्षमा श्री ५ को गम्भीर विमति रहेको देखिन्छ ।

यस्ता कैयौं घटनामध्येको एउटा घटना दाङदेउखुरी जलकुण्ड योजना भारतले बनाएर दाङदेउखुरीलाई जनमग्न पारी युपी क्षेत्रमा सिंचाइ गर्न घोराहीमा क्याम्प निर्माण गरी केही भवनहरू निर्माण भइसकेका थिए । यसलाई लिएर तत्काल नेपाली जनताले घोर विरोध गरे, कैयौं विन्तिपत्रहरू श्री ५ मा चढाइए, जनताबाट सरकारको उग्र विरोध देखेर प्रधानमन्त्री बीपी कोइराला एकपटक झस्किए पनि ।

श्री ५ महेन्द्रद्वारा बीपी कोइराला सरकारले दाङदेउखुरी डुबाउने हो भने विचार गरिनेछ भनेपछि जलकुण्ड योजना खारेज भयो र निर्माण भएका सबै भवन भत्काइए । यस्तै चतरामा बाँध बनाएर वराहक्षेत्र जलमग्न बनाउने भारतीय योजनाको जनताबाट विरोधलगायत देशको हरेक क्षेत्रमा अशान्ति र असुरक्षा व्यापक हुन थाल्यो । जननिर्वाचित सरकार जनताको पक्षमा नभएको देखेर समय-समयको देश दर्शनको क्रममा श्री ५ द्वारा २०१६ साल माघ १६ गते नेपालगन्जमा आयोजित एक जनसमूहलाई यस्तो हुकुम भएको थियो- 'प्रजातन्त्रको नाम मात्रले देश र जनताको कल्याणको बदला अकल्याण होस्, उद्योगधन्दा हटून्, न्याय सर्वसुलभ र सजिलो नहोस्, भ्रष्टाचार बढोस्, बेकारी बढोस्, सरकारमा रहेका व्यक्तिले आफ्नो स्वार्थ मात्र हेरुन् र अराष्ट्रिय तत्वले फाइदा उठाऊन् ताकि मैले आफ्नो कर्तव्यको पालनको लागि कुनै कदम चाल्न नपरोस् र साथै म यो पनि भन्न चाहन्छु कि मेरा पनि केही कर्तव्य छन्, ती हुन्- सार्वभौमसत्ता, राष्ट्रियता, देश र जनहित कार्यहरूको संरक्षण गर्नु आदि ।'

नेपालगन्जको यो चुनौतीपूर्ण भाषणले कांग्रेसमा ठूलै हलचल ल्यायो । समय समयमा अन्य राजनीतिक दलहरूले समेत कांग्रेसको सर कारलाई बारम्बार चेतावनी पनि दिएका थिए । उता देशमा राजनीतिक परिवर्तनको माग दिनदिनै बढ्दै गयो । राष्ट्रमा एउटा यस्तो बाध्यता सिर्जना भयो, जहाँ नेपालको अस्तित्व नै गुम्ने डर भयो । यस्तो संवेदनशील अवस्थामा देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने दायित्व र कर्तव्यतर्फ उन्मुख रहँदै श्री ५ बाट नेपाल अधिराज्यको संविधानको धारा ५५ प्रयोग गरी शाही घोषणाद्वारा बीपी कोइरालाको मन्त्रिमण्डल र संसद्का दुवै सदन विघटन गरियो

। साथै संविधानका केही धारा, उपधाराहरू निलम्बन गरी मुलुकको शासन अभिभारा आफैंमा कायम राखियो । तत्काल देशमा अन्यौलको वातावरण सिर्जना भए पनि अन्तत: राजाको सक्रिय नेतृत्वमा दलविहीन पञ्चायत व्यवस्थाको सूत्रपात भयो । यसकारण जननिर्वाचित सरकारमाथि कस्तो आरोप लगाएर संसदीय शासन प्रणालीको खारेज गरिएको रहेछ भन्ने कुरा त्यतिखेरको शाही घोषणाले आफैं बोल्छ ।

श्री ५ महेन्द्र एउटा युगीन राजा थिए भने त्यस्तै युगीन व्यक्तित्वको रूपमा बीपी कोइरालाको उदय भयो । बीपी कोइराला जन्मजात प्रजातन्त्रवादी र मनोवैज्ञानिक साहित्यकार हुन् । नेपाली राजनीतिमा उनको देन केवल देशमा प्रजातान्त्रिक अधिकार स्थापना गराउन सीमित रह्यो । उनी प्रजातान्त्रिक आन्दोलनबाट मात्रै राष्ट्र बच्छ भन्थे । तर श्री ५ महेन्द्रको अडान राष्ट्रियता र प्रजातन्त्रलाई सँगसँगै राखेर नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताको संरक्षणका लागि जनताको सक्रिय सहभागिता लिएर अगाडि बढ्ने हो भन्ने थियो ।

असल-असलको भीडन्तबाट निस्केको दु:खद परिणाम नै वियोगान्त हो भनेजस्तै इतिहासमा यी दुवै प्रभावशाली व्यक्तित्वको युग समकक्षी रहेकै कारण बीपी कोइराला शासनबाट बाहिर हुन पुगे । श्री ५ महेन्द्र र बीपी कोइरालाबीचको भीडन्त भनेको आधुनिक र पुरातन मान्यताका बीच चलेको सैर्ष हो । श्री ५ महेन्द्र कडा शासन प्रणालीद्वारा राष्ट्रको विकासलाई महत्व दिन्थे भने बीपी कोइराला प्रजातन्त्र नै आधुनिकतातर्फ प्रवेशको पहिलो र अन्तिम उपाय हो भन्ठान्थे । श्री ५ महेन्द्रसँग राष्ट्र बनाउने केही दह्रो आकाङ्क्षा, सपना र योजनाहरू थिए ।

श्री ५ को ११ वर्षको सक्रिय नेतृत्वकालमा क्रान्तिकारी भूमिसुधार, मुलुकी ऐन, गाउँफर्क राष्ट्रिय अभियान, आधा दर्जन राजमार्गहरू, कलकारखाना, उद्योगधन्दाहरू, सार्वजनिक संस्थाहरू, औद्योगिक क्षेत्रको स्थापना राष्ट्रको स्वाधीन परराष्ट्रनीति तथा राज्य रजौटा उन्मूलनको रूपमा कार्ययोजनाहरू सम्पन्न भएका थिए । त्यसैले बीपी कोइरालाको बढ्दो भारतभक्तिको प्रसङ्गमा जसले २०१७ साल देखेनन् र इतिहास मात्र पढे, उनीहरूले देशमा प्रजातन्त्र पुन: स्थापना भएको ३४ वर्षभित्र सत्ताधारीहरूको दलीय स्वार्थ र अहङ्कारलाई हेर्दा २०१७ सालको शाही कदम सहजरूपमा आएको अनुभूति अहिले सबैले गरिरहेकै छन् ।

यसकारण श्री ५ द्वारा आफ्नो शाही घोषणामार्फत नेपाली जनताका माँझ प्रतिबद्ध गरेका सबै बाचाहरू आफ्नो शासनकालमा पूरा गरिएका छन् । पूर्वीय दर्शनका ज्ञाता मदनमणि दीक्षितको परिभाषामा २०१७ सालको राजनीतिक परिवर्तनपछि मात्र नेपाल भारतीय हस्तक्षेपबाट मुक्त भई एउटा स्वतन्त्र राष्ट्रको रुपमा रहेको हो । आजभन्दा झन्डै ६४ वर्षअघि माथि प्रस्तुत गरिएको श्री ५ को शाही कदमको मर्मबोधबाट के पनि बुझ्न सकिन्छ भने, २०१७ साल पुस १ गतेको राजनीतिक परिवर्तन त्यसै आएको हैन । यसका पछाडि २००७ सालदेखि २०१५ सम्म राजनीतिक दलमा उत्पन्न तँछाडमछाडको स्थिति एवं दलबीचको झैझगडा नै यसको कारक हो ।


विशेष गरी २०४६ सालको परि वर्तनपश्चात् पनि सत्तास्वार्थ र दलीय स्वार्थको कारण देश आर्थिक रुपमा अत्यन्त जर्जर अवस्थामा पुगेको छ । सबै दल र तिनका नेतृत्व पटक-पटक सत्तामा पुगेका छन् । सधैं सत्तामा पुगेर पनि देश, जनता र राष्ट्रको विकासमा आफू सिन्को नभाँच्ने तर केवल ३० बर्से, १०४ बर्से र २४० बर्से इतिहासलाई सत्तोसराप गरेर नथाक्ने एवं देश सधैं लुटिरहने यी दलीय स्वार्थका महाठगहरुले देशलाई आजको गतिहीन अवस्थामा पुऱ्याएका हुन् । समयको महत्व र इतिहासको सम्मान नगर्दा २०४६ सालको परिवर्तनपछि राज्यसत्तामा पुगेकाहरुले समाज र देशलाई कहिल्यै पनि सही बाटोमा दिशानिर्देश गर्न सकेनन् । पञ्चायत व्यवस्थाले समयसापेक्ष यावत् विकास गरी छोडेर गएको ३० अर्ब ७१ करोड रुपियाँको विदेशी ऋण आज प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका नायक-खलनायकहरुले २०८१ असारसम्म २४ खर्ब ३३ अर्ब पुऱ्याएका छन् । तर देश र जनताको अवस्था जस्ताको त्यस्तै जहाँको त्यहीँ छ ।

केवल सन्तनेता कृष्णप्रसाद भट्टराई र मनमोनहन अधिकारीको नेतृत्वमा रहेको सर कारबाहेक अरु सबै सरकारहरु कसरी हुन्छ सत्ता कब्जा गर्ने, देश लुट्ने, भ्रष्टाचार गर्ने र सात पुस्तालाई पुग्ने सम्पत्ति कमाउने, त्योभन्दा अर्को चिन्तन नै उनीहरुमा भएन । देशको विकास गर्ने हो भने मेयर बालेन साहजस्ता भिजन भएका व्यक्ति देशको प्रधानमन्त्री हुन अपरिहार्य छ, तर केही भिजन नभएका भ्रष्टहरु नै नाना थरीका अनैतिक गठबन्धनहरु गरेर सरकारको नेतृत्वमा पुग्छन् । देश विकासको निरन्तरतालाई हेर्ने हो भने पनि २०५८ सम्म मुलुकको आर्थिक अवस्था ठीक ठिक्कैजस्तो थियो, तर जब माओवादी जङ्गलबाट शहर र सत्तामा प्रवेश गऱ्यो त्यसपछि देशमा बचेखुचेका सबै संस्थाहरु पनि धराशायी बन्दै गए ।

उसको लुट्ने शैली र तरिका पनि फरक भयो । नेपालको संविधान जारी भएपछिका एक दशकमा देशको विदेशी ऋण चारगुना बढेर गयो । सेतो हात्तीको रुपमा रहेका प्रदेश सरकारहरु निकम्मा साबित भएका छन् । अहिले जनआन्दोलनकारी शक्ति कांग्रेस र एमाले गठबन्धन गरी सत्तामा पुगेका छन् । अब उनीहरुले ढिलो नगरी प्रदेश संरचना खारेज गर्नु देश र जनताको हितमा छ । प्रदेश सरकार खारेज गर्ने हो भने हरेक वर्ष झन्डै ५ खर्ब रुपियाँ स्थानीय सरकार र सैमा लगानी गर्न सकिन्छ । देश कति लुट्ने र कहिलेसम्म लुटिरहने काङ्ग्रेस, एमाले र माओवादीमा यो चिन्तनले जरा गाडेको छ ।

(साभार: नेपाल समाचार-पत्र)

# वैदेशिक रोजगार बचतपत्र : धेरै बेखबर, थाहा हुनेलाई बेवास्ता




काठमाडौं /वैदेशिक रोजगारीमा जाने ८७.५० प्रतिशत नेपालीलाई ‘वैदेशिक रोजगार बचतपत्र’ बारे जानकारी नै नभएको एक अध्ययन प्रतिवेदनले देखाएको छ । पछिल्लो समय वैदेशिक रोजगारीमा जानेहरूको सेयर बजारमा उच्च आकर्षण छ । धितोपत्रको प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) मा वैदेशिक रोजागरीमा रहेकालाई आरक्षण दिने गरिएको छ ।

यस्तो आईपीओमा वैदेशिक रोजगारीमा रहेकाको उच्च आकर्षण देखिन्छ । तर, वैदेशिक रोजगारीमा रहेकालाई लक्षित गर्दै डेढ दशकयता निरन्तर निष्कासन हुँदै आएको वैदेशिक रोजगार बचतपत्रमा भने न्यून आकर्षण रहँदै आएको छ । यसको प्रमुख कारण उनीहरूलाई वैदेशिक रोजगार बचतपत्रबारे जानकारी नै नहुने गरेको उक्त अध्ययनले देखाएको हो । नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागको वैदेशिक रोजगार बचतपत्रको स्थिति र प्रवर्द्धनका उपाय सम्बन्धी अध्ययन प्रतिवेदन सर्वेक्षणले उक्त तथ्य देखाएको हो ।

अध्ययनका लागि राष्ट्र बैंकले वैदेशिक रोजगारीबाट फर्किएका वा पुन: जान लागेका ३ सय ८५ नेपालीसँग स्थलगत सर्वेक्षण गरेको थियो । यस्तै वैदेशिक रोजगारीमा पठाउने ७० म्यानपावर कम्पनी वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न इजाजत लिएका १४ बिक्री एजेन्टसँग पनि कुराकानी गरेको थियो ।

उक्त सर्वेक्षणले वैदेशिक रोजगारीमा जाने नेपालीमध्ये ८७.५ प्रतिशतलाई वैदेशिक रोजगार बचतपत्रबारे जानकारी नै नरहेको र १२.५ प्रतिशतलाई मात्रै जानकारी रहेको पाइएको हो । वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै रेमिट्यान्स बैंकिङ प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परिचालन स्तर बढाउने उद्देश्यले आर्थिक वर्ष २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न थालिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

### निक्षेपभन्दा उच्च ब्याजदर दिएर आकर्षण

सरकारले वैदेशिक रोजगार बचतपत्रलाई आकर्षक बनाइ बढीभन्दा बढी ऋण परिचालन गर्ने उद्देश्यले यस्तो बचतपत्रको ब्याजदर निर्धारण गर्दा सोही वर्ष बैंक तथा वित्तीय संस्थाले मुद्दती निक्षेपमा प्रदान गर्ने ब्याजदरको तुलनामा उच्च ब्याजदर प्रदान गर्दै आएको प्रतिवेदनमा उल्लेख छ । वैदेशिक रोजगार बचतपत्रको ब्याजदर सोही वर्षको मुद्दती निक्षेपको तुलनामा ०.०१ प्रतिशतदेखि २.४२ प्रतिशतसम्म बढी रहेको देखिएको छ ।

तथापि, ब्याजदरको प्रभाव बचतपत्र खरिदमा अपेक्षित परेको देखिँदैन । नागरिक बचतपत्र भन्दा १ प्रतिशत बिन्दुले वैदेशिक रोजगार बचपत्रमा थप ब्याज प्रदान हुँदै आएको छ । तर, पनि वैदेशिक रोजगार बचतपत्रमा आकर्षण देखिँदैन । ‘वैदेशिक रोजगार बचतपत्रको ब्याजदर तुलनात्मक रूपमा आकर्षक हुने गरेको छ । सरकार र राष्ट्र बैंकले यस्तो बचतपत्रको प्रचार-प्रसार बढाउन रोजगारीमा पठाउने निकाय र कूटनीतिक नियोगहरूलाई समेत परिचालन गर्दै आएको छ,’ अध्ययन प्रतिवेदनमा छ, ‘तर, सरकारले हरेक वर्ष बचतपत्र निष्कासका लागि आह्वान गर्ने र आह्वान गरिएको रकमको न्यून अंशमात्र बिक्री हुने प्रवृत्ति देखिएको छ ।’

नेपालबाट करिब ५५ लाख नेपाली भारत बाहेक देशमा रोजगारीमा छन् । तिनको तुलनामा सीमित व्यक्तिको मात्र वैदेशिक रोजगार बचतपत्रमा लगानी रहेको देखिएको प्रतिवेदनमा छ । वैदेशिक रोजगार बचतपत्र आकर्षक बनाउन ब्याजदर तुलनात्मक रूपमा उच्च हुनुका साथै यस्तो बचतपत्र आवश्यकता अनुसार तत्काल बिक्री गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन सकिने व्यवस्था छ ।

तर, यसको बिक्री अनुपात धेरै नै निराशाजनक देखिन्छ । आव २०६६/६७ देखि २०७९/८० सम्म २५ पटकमा १५ अर्ब ५६ करोड बराबरको वैदेशिक रोजगार बचतपत्र आह्वान भएकोमा जम्मा ७६ करोड २३ लाख अर्थात् ४.९ प्रतिशतमात्र बिक्री भएको प्रतिवेदनमा उल्लेख छ । सरकारको उद्देश्य नागरिकलाई बचत गर्न प्रोत्साहन गर्ने र बैंकिङ माध्यमबाट रेमिट्यान्स ल्याउन प्रोत्साहन गर्नु मात्रै नभई सरकारले आन्तरिक ऋण परि चालनको वैकल्पिक औजार पनि खोजेको थियो ।

राष्ट्र बैंकको उक्त अध्ययन प्रतिवेदनले पनि यो कुरा स्वीकार गरेको देखिन्छ । ‘बैंक तथा वित्तीय संस्थाबाट ऋण परिचालन गर्दा सहज र लागत प्रभावी भए पनि सरकारले बैंक तथा वित्तीय संस्थाको साधन अत्यधिक उपयोग गर्न थालेमा निजी क्षेत्र जाने कर्जा संकुचन (क्राउडिङ आउट) हुने सम्भावना रहन्छ,’ प्रतिवेदनमा छ, ‘राज्यले नागरिकबाट ऋण उठाउँदा लागत बढ्न सक्छ तर नागरिकको बचत प्रोत्साहित हुने देखिन्छ ।’ वैदेशिक रोजगार बचतपत्र मात्रै नभएर सरकारले २०४० सालदेखि आन्तरिक ऋण परिचालनमा प्रयोग गर्दै आएको ‘राष्ट्रिय बचतपत्र’ समेत प्रभावकारी हुन सकेको छैन ।

आव २०७५/७६ देखि राष्ट्रिय बचतपत्र बन्द गरेर ‘नागरिक बचतपत्र’ नामको अर्को औजार प्रयोग हुँदै आए पनि त्यसमा समेत अपेक्षाकृत आकर्षण छैन । ‘विगत १० वर्षमा कुल आन्तरिक ऋणमा वैदेशिक रोजगार बचतपत्रको योगदान औसत ०.०६ प्रतिशतमात्र रहेको छ,’ अध्ययन प्रतिवेदनमा छ ।

राष्ट्र बैंकले अध्ययन मार्फत वैदेशिक रोजगार बचतपत्र परिचालन स्थिति तथा योगदानको समग्र विश्लेषण गर्दै बचतपत्रबारे जानकारी, खरिद गर्ने तत्परता, खरिद गर्न चाहने/नचाहने कारण र प्रवर्द्धनका उपाय विश्लेषण गरेको जनाएको छ । त्यसका लागि तीन प्रकारका सर्वेक्षण सम्पन्न भएको छ । केन्द्रीय बैंकले वैदेशिक रोजगारीबाट फर्किएका वा पुन: जान लागेका ३ सय ८५ नेपालीसँग स्थलगत सर्वेक्षण, वैदेशिक रोजगारीमा पठाउने ७० म्यानपावर कम्पनीलाई टेलिफोन सर्वेक्षण र बचतपत्र बिक्री गर्न इजाजतपत्र प्राप्त १६ बिक्री एजेन्टसँग इमेल सर्वेक्षण गरेको हो ।

काठमाडौंका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क, म्यानपावर कम्पनी र श्रम विभागमा तथा काठमाडौं बाहिरका झापा-काँकडभिट्टा, वीरगञ्ज-रक्सौल, भैरहवा-सुनौली र धनगढी-गौरीफन्टा नाकामा वैदेशिक रोजगारीमा जान लागेका र फर्किएका ती नेपालीसँग स्थलगत सर्वेक्षण गरेकने थियो ।

जसमध्ये करिब ३० प्रतिशत पहिलो पटक वैदेशिक रोजगारीमा जान लागेको र १२.५ प्रतिशतलाई मात्र वैदेशिक रोजगार बचतपत्रकारे जानकारी रहेको पाइएको राष्ट्र बैंकले जनाएको छ । वैदेशिक रोजगारीमा जानेमध्ये जानकारी भएकाले पनि यस्तो बचतपत्र खरिद गरेको देखिएन । सर्वेक्षणमा सहभागी कसैले पनि वैदेशिक रोजगार बचतपत्र खरिद गरेको पाइएन ।

वैदेशिक रोजगार बचतपत्रबारे जानकारी भएर पनि खरिद नगरेका व्यक्तिमध्ये ३९.५ प्रतिशतले पर्याप्त जानकारी नभएको, २७ प्रतिशतले खरिद प्रक्रिया झन्झटिलो भएको, १२.५ प्रतिशतले बचतपत्र खरिद गर्ने रकम अभाव रहेको र बाँकी २१ प्रतिशतले प्रमाणपत्र सजिलै प्राप्त नहुने र ब्याज प्राप्त गर्न धाउनुपर्ने कारण उल्लेख गरेका छन् ।

### ८ प्रतिशत रेमिट्यान्स औपचारिक माध्यम बाहिर

राष्ट्र बैंकले अध्ययन क्रममा गरेको सर्वोक्षणले करिब ८ प्रतिशत रेमिट्यान्स अझै पनि अनौपचारिक माध्यमबाट आउने गरेको देखाएको छ । सरकार र राष्ट्र बैंकले विगतदेखि विप्रेषण आय बैंकिङ प्रणालीबाट भित्र्याउन गरिरहेको प्रयासको परिणाम ९२.२ प्रतिशत वैदेशिक रोजगारीमा रहेकाले औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउने गरेको देखिएको प्रतिवेदनमा उल्लेख छ ।

सर्वेक्षणमा समावेश वैदेशिक रोजगारीमा रहेका २ सय ७० व्यक्तिमध्ये ९२.२ प्रतिशतले विप्रेषण आय बैंक तथा वित्तीय संस्था र रेमिट कम्पनी मार्फत नेपाल पठाएको बताएका छन् । यसमध्ये ७.८ प्रतिशतले मात्र साथी मार्फत विदेशी मुद्रा पठाएको उल्लेख गरेका छन् । अध्ययनले वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनका लागि नीतिगत तथा प्रक्रियागत सुधार र प्रचार-प्रसारमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ ।

वैदेशिक रोजगार बचतपत्रको सामाजिक सञ्जाल मार्फत प्रचार-प्रसार बढाउनुका साथै बचतपत्रलाई डिम्याट गर्ने र ब्याजदर बढाउनुपर्ने सर्वेक्षणले देखाएको छ । ‘वैदेशिक रोजगार बचतपत्रबारे जानकारी भएका जम्मा ४८ व्यक्तिमध्ये २९.२ प्रतिशतले ब्याज छिटो पाउने भए र ५६.२ प्रतिशतले ब्याज रकम बैंक खाता मार्फत सिधै पाउने व्यवस्था भए यस्तो बचतपत्र खरिद गर्ने उल्लेख गरेका छन्,’ सर्वोक्षणका आधारमा तयार पारिएको प्रतिवेदनमा छ, ‘यसमध्ये १४.६ प्रतिशतले भने खरिद प्रक्रिया सजिलो भए बचतपत्र खरिद गर्ने उल्लेख गरेका छन् । त्यस्ता कुल ४८ व्यक्तिले वैदेशिक रोजगार बचतपत्रको सामाजिक सञ्जाल मार्फत प्रचार-प्रसार बढाउनुका साथै बचतपत्रलाई डिम्याट गर्ने र ब्याजदर बढाउने कार्यले बचतपत्र आकर्षक हुने उल्लेख गरेका छन् ।’

वैदेशिक रोजगार बचतपत्र प्रवर्द्धनका लागि बिक्री एजेन्टका प्रतिनिधिबाट बचतपत्रको ब्याज भुक्तानी बैंक खाता मार्फत गर्नुपर्ने, ब्याजदर बढाउनुपर्ने, डिम्याट गर्नुपर्ने र प्रचार-प्रसारमा जोड दिनुपर्ने सझाव आएको राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकले बजार निर्माता, बिक्री एजेन्ट, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, म्यानपावर कम्पनी र रेमिट कम्पनी लगायतसँग अन्तर्क्रिया गरेको हो । अन्तर्क्रिया कार्यक्रममा सहभागीले वैदेशिक रोजगार बचतपत्रबारे प्रचार-प्रसार नपुगेको, खरिद-बिक्री विधि र पद्धति झन्झटिलो भएको, म्यानपावर कम्पनीलाई प्रचार-प्रसारमा संलग्न गराउन नसकिएको लगायत कारण यस्तो बचतपत्र रोजगारीमा जाने व्यक्तिको आकर्षण बन्न नसकेको बताएका हुन् ।

फेसबुक लगायत सामाजिक सञ्जाल मार्फत छोटो भिडियो क्लिप मार्फत प्रचार-प्रसारमा तीव्रता दिने, बचतपत्र खरिद-बिक्री पूर्णरूपमा विद्युतीय माध्यमबाट हुने बनाउने र बचतपत्र खरिदको आवेदन दिँदा कागजात सजिलोसँग अपलोड हुने व्यवस्था मिलाउने अध्ययनको सुझाव छ ।

त्यस्तै रोजगार बचतपत्र बिक्री गर्ने व्यवस्था सीडीएससी प्रणालीको मेरो सेयरमा आईपीओ खरिद प्रक्रिया अनुरूप बनाउने, म्यानपावर कम्पनीको अभिमुखीकरण कार्यक्रममा वैदेशिक रोजगार बचतपत्रको जानकारी दिने व्यवस्था मिलाउने, वैदेशिक रोजगार व्यवस्थापनमा संलग्न निकाय म्यानपावर कम्पनी, राहदानी कार्यालय र वैदेशिक रोजगार विभागको बडापत्रमा वैदेशिक रोजगार बचतपत्रबारे जानकारी गराउने, बिक्री एजेन्टलाई नियमित तालिम प्रदान गर्ने, वर्षभरि वा आह्वान गरिएको बचतपत्र बिक्री नभएसम्म बिक्री खुला राख्ने जस्ता व्यवस्था गर्न उपयुक्त हुने सुझाव छन् । अध्ययनले वैदेशिक रोजगार बचतपत्र प्रभावकारी बनाउन नीतिगत, प्रक्रियागत सुधारका साथै प्रचार-प्रसारमा जोड दिने तथा अभिमुखीकरण तालिम र अन्तरक्रिया आवश्यक रहेको औंल्याइएको छ ।

(स्रोत: अनलाइनखबर)

# बोक्सी प्रथाविरुद्धको कथामा बनेको ‘अग्निदहन’ मंसिर ७ मा



काठमाडौं /बोक्सी प्रथाविरुद्धको कथामा बनेको फिल्म ‘अग्निदहन’ आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउने भएको छ । अन्तर्राष्ट्रिय महिला हिंसा दिवस अन्त्यको अवसर पारेर फिल्मलाई प्रदर्शन गर्न लागिएको हो । मंगलबार काठमाडौंमा एक कार्यक्रमबीच सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङले फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गरेका थिए । तीन फरक पोस्टरमा पात्रहरुको मनोदशा दर्शाइएको छ ।

मन्त्री गुरुङले बोक्सी प्रथा अहिलेको सबैभन्दा ठूलो चुनौती रहेको बताए । ‘बोक्सीको आरोपमा धेरै महिला मारिएका छन् । निर्घात कुटपिट भएको छ । क्यौंले आत्महत्या गरेका छन् । अझ भनौं अमानवीय कार्य नै भएको छ,’ उनले भने, ‘नेपालमा बोक्सी प्रथाको अन्धविश्वास हटाउन निकै ठूलो चुनौती छ । यो प्रथा हाम्रो शरीरमा रहेको पिलो जस्तै हो । त्यसलाई हामी सबैले मिलेर फाल्नुपर्छ ।’

घनश्याम लामिछानेको निर्देशनमा तयार भएको फिल्ममा प्रकाश घिमिरे, माओत्से गुरुङ, अनुपमा भण्डारी, प्रमिला तुलाचन, विष्णु वास्तोला, तुलसी क्षेत्री, ताराबहादुर गुरुङ आदिको अभिनय छ । यसमा लोकमणि पौडेलको कथा, पटकथा एवं संवाद लेखन, दीर्घ गुरुङको छायांकन, जेशन कुँवरको पार्श्व संगीत, कोविदशरण उपाध्यायको परिकल्पना तथा दीर्घ खड्काको सम्पादन रहेको छ ।

निर्देशक लामिछानेले एउटा डरलाग्दो विषयलाई फिल्ममा उठान गरिएको बताए । ‘फिल्ममा थ्रिल, सस्पेन्स सबै छ । उपन्यासलाई हामीले ‘सिनेम्याटिक’ तवरबाट फिल्ममा उतारेका छौं । फिल्ममा दर्शकले सन्देश र उत्सुकता दुवै पाउनुहुनेछ,’ उनले भने । मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई विश्वव्यापी अभियानको रुपमा अगाडि बढाउने उद्देश्यले फिल्म बनाएको उनको भनाई छ ।

साहित्यकार लोकमणि पौडेलको उपन्यासमा आधारित भएर निर्माण भएको यो फिल्मलाई मैथिली र भोजपुरी भाषामा समेत डबिङ गरिएको छ । यो फिल्मलाई निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले हेरि सकेका छन् । ‘अग्निदहन’को निर्माण मान्छे बोक्सी हुन्न कहिल्यै राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले गरेको हो ।

# ‘पिताम्बर’ ५ करोडमा बन्ने, वर्कसपमा जोडिए सौगात र प्रदीप



काठमाडौं/गत हप्ता मात्र फिल्म ‘एक्टर’को छायांकन सकाएका अभिनेता प्रदीप खड्का अब अर्को फिल्म ‘पिताम्बर’को तयारीमा जुटेका छन् । केही दिनदेखि थापागाउँस्थित कान्तिपुर फिल्म एकेडेमीमा भइरहेको वर्कसपमा उनले निर्देशकसहितको टिमसँग स्क्रिप्ट र चरित्र निर्माणको विषयमा छलफल गरिरहेका छन् । वर्कसपमा उनीसहित सौगात मल्ल, अनुपविक्रम शाही लगायत पनि सहभागी छन् ।

यो फिल्मको पहिलो चरणको छायांकन गत वर्ष नै नवलपरासीमा गरिएको थियो । जसमा प्रदीप र सौगातको दृश्य थिएन । आगामी भदौबाट सुरु हुन लागेको दोस्रो चरणको छायांकनमा भने उनीहरुकै दृश्य बढी छ । एक्सन जनरामा बन्न लागेको फिल्ममा आँचल शर्मा, प्रमोद अग्रहरी, दिव्य देव, सुरक्षा पन्त, कामेश्वर चौरासिया, सुपुष्पा भट्ट, गौरव विष्ट, विशाल पहारीको पनि अभिनय रहनेछ ।

‘पिताम्बर’मा कृषा चौलागाईंले निर्देशनको जिम्मेवारी सम्हालेकी छन् । निर्देशनको हिसाबले उनको यो दोस्रो फिल्म हो । यसअघि उनले ‘ऐंचो पैंचो’बाट निर्देशनमा डेब्यु गरेकी थिइन् । ‘पिताम्बर’लाई उनी आफ्नो ‘ड्रिम प्रोजेक्ट’ बताउँछिन् ।

पुरुषोत्तम प्रधानको छायांकन रहने फिल्मको निर्माता विशाल चौलागाई हुन् । प्रदीप भारद्वाजको लेखन रहेको यो फिल्म ५ करोडको बजेटमा बन्नेछ ।

# पल र बेनिशालाई लिएर ‘कल्ली’ बन्ने, चैत्र २९ लाई रिलिज घोषणा







काठमाडौं /अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमालले पहिलोपटक फिल्ममा सहकार्य गर्ने भएका छन् । ‘बुलाकी’ फेम्ड निर्देशक लक्ष्मण सुनारको आगामी फिल्म ‘कल्ली’मा उनीहरुले एकसाथ काम गर्न लागेका हुन् । मंगलबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरियो । पोस्टरले फिल्म एक्सन प्रधान हुने संकेत गर्छ । निर्देशक सुनारले फिल्म पौराणिक कथामा बन्ने बताए ।

रेड वर्ड प्रडक्शन र कस्तुरी प्रडक्शनको संयुक्त ब्यानरमा निर्माण हुन लागेको फिल्ममा निर्देशक सुनार स्वयंको कथा छ भने महेश दवाडीको पटकथा तथा संवाद लेखन छ । किरण नेपाली प्रस्तुतकर्तामा छन् । उनले यसअघि ‘हात्तीछाप’, ‘दुई नम्बरी’, ‘पोइ पर्‍यो काले’ जस्ता फिल्म बनाइसकेका छन् । छायांकन नहुँदै आगामी चैत २९ गतेलाई फिल्मको प्रदर्शन मिति पनि घोषणा गरिएको छ ।

फिल्मको छायांकन कर्णाली प्रदेशका विभिन्न स्थानमा गर्ने तयारी भइरहेको छ । तिहारपछि छायांकन सुरु हुनेछ । पलका यस वर्ष ‘कल्ली’सहित तीन फिल्म रिलिज हुने भएका छन् । आगामी भदौ २१ गते ‘रावायण’ प्रदर्शन हुँदैछ भने सम्भवत: तिहार आसपासमा उनको अर्को फिल्म ‘मायावी’ आउन सक्नेछ । उनको पाइपलाइनमा ‘अवतार’, ‘मायाका रंगहरु’ र ‘मोहर’ जस्ता फिल्म पनि छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# सरकारको आयु तोकेर कर्मचारीलाई विश्वास लिने प्रधानमन्त्री प्रयास

काठमाडौं/पछिल्लो डेढ वर्षमा राजनीति यति अनिश्चित भयो कि साँझसम्म रहेको सत्ता गठबन्धन विहान भक्कियो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले डेढ वर्षमा तीन पटक सत्ता गठबन्धन फेरे । स्थायित्वका लागि भनेर दुई ठूला दल मिलेर कांग्रेस र एमाले मिलेर सरकार बनाउँदा पनि सरकारको आयुबारे अनेक अड्कलबाजी कायमै छ । विपक्षी मात्र होइन, स्वयम् सत्तारुढ दलकै नेताहरुमा देखिएको शंशयको प्रभाव कर्मचारी संयन्त्रमा पनि छ ।

यसलाई चिर्न प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्री र सचिवहरुसामू आफ्नो सरकारको ‘आयु’ तोकिदिए । ‘यो सरकार मेरो नेतृत्वमा दुई वर्ष चल्ने हो, दुई वर्ष पुग्नुभन्दा एक हप्ता अगाडि नै मैले राजीनामा गरिसकेको हुन्छु,’ ओलीले भने, ‘यसपछि शेरबहादुरजीको नेतृत्वमा चुनावसम्म जाने हो ।’ उनले सरकारको भविष्यबारे गलत हल्ला फिँजाउन खोजिएपनि चिन्ता नगरी काम गर्न आग्रह गरे ।

सरकारले कुनै कर्मचारीप्रति पूर्वाग्रही भावना नराख्ने बताए । कुनै पनि भेदभाव नहुने भन्दै उनले भने, ‘अब सरकारले व्यक्तिगत आग्रह, पूर्वाग्रह र पक्ष र विपक्ष हेर्दैन ।’ तर काम गरे हुने, नगरी पनि हुने अवस्था कायम नराख्ने बताए । ‘मूल्यांकन हुन्छ, काम गर्ने र नगर्ने छुट्याइन्छ’ उनले भने । प्रधानमन्त्री ओलीले कर्मचारीहरुलाई नडराई काम गर्ने वातावरण बनाउने आश्वासन पनि दिए ।

पछिल्ला समयमा विभिन्न नीतिगत निर्णयमा टिप्पणी उठाएका र निर्णयहरु गरेकाहरुमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र अभियोजन गरिरहेको छ । यसले कर्मचारीतन्त्रमा निर्णय पन्छाउने प्रवृत्ति मौलाएको अवस्थामा ओलीले सचिवहरुलाई डर नपाल्न भनेका छन् । ‘सिग्नेचर’ (निर्णयमा हस्ताक्षर) गरेकै कारणले कोही नफस्ने भन्दै उनले आस्वस्त पार्न खोजे । ‘कर्मचारीले राम्रो नियतले काम गर्दा परेका अप्ठ्यारोमा सरकारले संरक्षण गर्छ’, उनले भने, ‘कसैले गलत नियतले काम गर्छ भने त्यसमा आफैं उत्तरदायी हुनुपर्छ । राम्रो काम गर्दा असुरक्षित फिल नगर्न आग्रह गर्छु ।’

सोमबार भएको सचिव सरुवा सरकार परिर्वतनपछिको सामान्य ‘सेट अप’ मात्रै भएको भन्दै ओलीले यसलाई अन्यथा नबुझ्न आग्रह गरे । आइतबार सचिवहरुसँग मन्त्रालयत कामकाजको ब्रिफिङ लिएका ओलीले मंगलबार निर्देशन दिनुअघि सोमबार २१ सचिवको सरुवा गर्ने निर्णय गरेका थिए ।

सचिव सरुवाको निर्णय गर्नुअघि अधिकाशं मन्त्रीहरुसँग परामर्श नगरिएका कारण सचिवहरु आश्चर्यमा परेका थिए । कतिपय सचिवले सरुवामा चित्ता बुझाएका छैनन् । प्रधामनन्त्री ओलीले भने यो निर्णयबाट सबै सचिवहरुलाई अनुकूलता प्राप्त हुने बताए । महत्वपूर्ण जिम्मेवारी पाएकाहरुले अब वर्तमान सरकारसँगै बसेर गरेको गरेका कामको लेखाजोखा गर्ने बताए । ‘भन्न त सुरुका १०० दिनलाई हनिमुन पिरियड भन्छन्, तर हामीलाई १०० दिनलाई हनिमुन अवधिका रुपमा बिताउन छुट छैन,’ उनले मन्त्री र कर्मचारीहरुलाई भने, ‘यो १०० दिनमा कतिवटा काम गर्न सकिन्छ गरौं । १०० दिनमा हामी कसले कति काम गर्‍यौं प्रतिवेदन निकाल्छौं ।’

(स्रोत: अनलाइनखबर)

# १५ दिनमा ३१ वटा युट्युब लगायतका सामाजिक सञ्जाल कारबाहीमा

काठमाडौं/प्रेस काउन्सिल नेपालले पछिल्लो १५ दिनमा पत्रकार आचारसंहिता विपरीतका सामग्री सम्प्रेषण गर्ने ३१ वटा युट्युबलगायत सामाजिक सञ्जाललाई कारबाही गरेको छ । मंगलबार विज्ञप्ति जारी गर्दै काउन्सिलले सञ्चार माध्यमका रूपमा दर्ता/सूचीकरण भएका वा नभएका तर समाचारको शैलीमा द्वन्द्व बढाउने, चरित्रहत्या गर्ने तथा एकपक्षीय आरोपका सामग्री सम्प्रेषण गर्ने माध्यमलाई कारबाही गरिएको जनाएको हो ।

मिडिया अन्तर्गत सूचीकृत भएका यस्ता ३ वटा माध्यमलाई काउन्सिलले आचारसंहिता प्रतिकूल देखिएका अंश हटाइ सम्पादन गर्न, सामग्री स्थगन गरी २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न र अश्लील सामग्री तत्काल हटाउन निर्देशन दिएको छ । हेल्लोटिभी टिभी नेपाल फेसबुक पेज, पिएनपि मिडिया र नागरिकपत्र युट्युब च्यानल यस्तो कारबाहीमा परेका हुन् ।

काउन्सिलले हिंसा, आतङ्कलाई प्रश्रय पुग्ने, निराधार, अफवाहपूर्ण, अतिरञ्जित थम्बनेल सहितको शीर्षक दिइ भ्रमपूर्ण, अमर्यादित, अश्लील सामग्री सम्प्रेषण गर्ने माध्यममाथि कारबाही अघि बढाएको विज्ञप्तिमा उल्लेख छ । यस्तै मिडियासम्बन्धित नभएका तर मिडियाकै शैलीमा अश्लील सामग्री सम्प्रेषण गर्ने २८ वटा युट्युब च्यानललाई त्यस्ता सामग्री तत्काल हटाउन तथा थप अनुसन्धान र कारबाहीका लागि नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरिएको काउन्सिलले जनाएको छ ।गत आर्थिक वर्षमा काउन्सिलले यस्ता ४३ वटा विभिन्न माध्यमलाई कारबाही गरेको छ ।

‘प्रेस काउन्सिल नेपालले पछिल्लो समयमा कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेषगरी युट्युब च्यानलबाट सम्प्रेषित सामग्रीको समेत विशेष अनुगमन गरिरहेको छ ।’ काउन्सिलका सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘केही च्यानलबाट वैयक्तिक गोपनीयताको प्रतिकूल हुने, घृणास्पद अभिव्यक्तिलाई स्थान दिइ प्रसारण गर्ने र एकपक्षीय आरोप वा भनाइलाई पुष्ट्याइँ नगरी प्रसारण गरेका पाइएको छ ।

# काठमाडौंमा लुटपाट मच्चाउने मकवानपुरगढीका माइलाको समूह

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ काठमाडौंमा लुटपाट मच्चाउने समूहको नेतृत्व मकवानपुरगढी गाउँपालिका-१ फूलबारीका माइला भन्ने धनबहादुर स्याङ्तानले गरेको प्रहरीले जनाएको छ ।



केही समयअघि काठमाडौंको चम्पादेवी मन्दिर क्षेत्रमा हाइकिङमा गएकाहरुलाई हतियार देखाएर एक समूहले लुटपाट गरेको घटनामा प्रहरीले स्याङतानलाई पक्राउ गरेर सार्वजनिक गरेको हो । यो घटना असार १५ गतेको हो । लालबहादुर खड्कासहित सात जनाको टोली असार १५ गते बिहानै हाइकिङमा गएका थिए । बिहान करिब साढे ६ बजेको हुँदो हो, एउटा समूहले खड्कासहितलाई हतियार देखाए, धम्क्याए, साथमा भएको मोबाइल लगायत सामान लुटेर त्यो समूह क्षणभरमै भाग्यो ।

लालबहादुरसहित हाइकिङमा गएको समूहलाई हतियार धारी समूहले कुटपिट र लुटपाट गरेका थिए । यो कुरा थाहा पाएर केहीबेरमा स्थानीय पनि चम्पादेवी मन्दिर क्षेत्र पुगे । स्थानीयले खिचेको भिडिओ पछि सामाजिक सञ्जाल फेसबुकमा भाइरल पनि भयो । काठमाडौंको दक्षिणकाली नगर पालिका वडा नम्बर ५ स्थित चम्पादेवी मन्दिर हाइकिङ गर्ने स्थलको रुपमा चिनिन्छ ।

घटनास्थलमा लुटेरा समूहले फालेको डोरीसमेत फेला परेको थियो । लुटेरा समूहले लालबहादुरसहित उनको समूहमा रहेकासँग रहेका ८ थान मोवाइल पनि लुटेका थिए । सामाजिक सञ्जालमा भिडिओ आएपछि र स्थानीय बासिन्दाले पनि असुरक्षा भएको जानकारी गराएपछि हाइकिङका लागि परिचित चम्पादेवीलगायत ठाउँमा काठमाडौं प्रहरीले उच्चनिगरानी बढाएको थियो । चम्पादेवी घटनालाई भने प्रहरीबृत्त कीर्तिपुरले अनुसन्धान अघि बढाएको थियो ।

असार २८ गते फेरि यस्तै घटना घट्यो अर्को हाइकिङस्थल, काठमाडौंकै तारेभिरमा । बूढानीलकण्ठ नगरपालिका-३ तारेभिर जाँदै गरेका एक युवा र एक युवतीलाई चारजनाको समूहले नियन्त्रणमा लियो । यो बेलुकी ९ बजेतिरको घटना थियो । चार जनाको समूहले युवा र युवतीलाई बेलुकी ९ बजेतिर नियन्त्रणमा लिएर भोलिपल्ट बिहान ४ बजेतिर छाडेका थिए । यो समूहले दुवै जनालाई यातना दिएर युवतीमाथि जबरजस्ती करणीको उद्योगसमेत गरेका थिए ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी नवराज अधिकारीका अनुसार दुवै जनालाई नियन्त्रणमा लिएर यो समूहले बिहानपख मोवाइल लुटेको पाइएको छ । मोवाइल लुटेको समूह सोही क्षेत्रमा बसेका थिए । असार २९ गते बिहान करिब साढे १० बजेतिर बूढानीलकण्ठ नगरपालिका-३ शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने बागद्वारमा दीपक शर्मासहित ६ जनाको टोली हाइकिङमा पुगेका थिए । चारजनाको समूहमा रहेको सोही लुटेरा समूहले शर्मासहितलाई हतियार देखाएर ६ वटा मोवाइल र दुइटा घडी लुटे ।

यही लुटेरा समूहले गिरिजा शान्ति पार्क क्षेत्रमा पुगेर दिनेश पोखरेलसहितबाट दुइटा मोवाइल र राति साढे ११ बजेतिर प्रवीण शेर्मा लिम्बूसमेतबाट दुइटा सुनको औंठी र सिक्री लुटेको खुलेको छ । तारेभिर क्षेत्रमै श्रृंखलावद्द लुटपाटको घटना भएपछि जिल्ला प्रहरी परिसरले काठमाडौंका सबै हाइकिङ क्षेत्रमा प्रहरी परिचालन गरेको थियो । तर, पनि लुटेरा समूह नियन्त्रणमा लिन सकेको थिएन ।

प्रहरी परिचालन भए पनि लुटपाट रोकिएन । साउन १२ गते नागार्जुन नगरपालिका-७ स्थित कलंकीबाट कालु पाँडेको सालिक भएको ठाउँ जाने बाटोमा बिहान करिब ११ बजेतिर विन्दवासिनी जंगलमा लुटपाट भयो । बा ए-ए ०५३१ नम्बरको कारमा ६ जना घुम्न गएका थिए । लुटेरा समूहले जंगलको बाटोमा गाडी रोक्यो । खुकुरी देखाएर उनीहरुलाई धम्क्याए । उनीहरुले लगाएका सुनका औंठी, सिक्री, लकेट, ब्रासलेट लगायत ७ तोला ६४ लालको सुनका गहना र ४.७९ तोलाको चाँदीको ब्रासलेट र १३ हजार चार सय रुपैयाँ यो समूहले लुट्यो ।

लुटेरा समूहले गाडी नै रोकेर सुनलगायत नगद नै लुटेको जानकारी यसपालि भने प्रहरीले अलि छिट्टै थाहा पायो । यो सूचना पाएको जिल्ला प्रहरी परिसर काठमाडौंले नागार्जुनको स्युचाटारक्षेत्रमा चेकप्वाइन्ट राख्यो । त्यहीं लुटेरा समूह आइपुग्यो । तीनजनासँगै रहेको खबर प्रहरीलाई थियो तर, स्युचाटार आइपुग्दा एकजना मात्रै थिए । लुटेरा समूहका ती व्यक्तिलाई प्रहरीले पक्राउ गऱ्यो ।

मकवानपुरगढी गाउँपालिका-१ फूलबारीका ५२ वर्षीय माइला भन्ने धनबहादुर स्याङ्ताङलाई प्रहरीले पक्राउ गरेको थियो । उनको साथबाट दुइटा खुकुरी र विन्दवासिनी जंगलबाट लुटेका सुनका गरगहना र नगद बरामद भयो । साथै उनको साथबाट चम्पादेवीमा लुटिएको एउटा मोवाइल सेट पनि बरामद भएको थियो । एसपी नवराज अधिकारीका अनुसार माइला नै काठमाडौंका हाइकिङ क्षेत्रमा भइरहेका लुटपाटका घटनाका मुख्य योजनाकार हुन् ।

उनकै समूहले गतवर्ष चैत २९ गते चन्द्रागिरि नगरपालिका-८ चाखेल देउराली टहरामा सञ्चालन गरिएको होटलमा एक लाख ७ हजार नगद र सुनका गहना चोरी गरी फरार भएको थियो । माइलाकी श्रीमतीको नाममा रहेको एनसेलको सिम भएको फोन पनि बरामद भएको थियो । माइला पक्राउ परे पनि हाइकिङ गर्ने ठाउँमा लुटपाट गर्ने अन्य व्यक्तिहरु खुलेको थिएन । तर, प्रहरीको केरकारपछि उनकै परिवारका सदस्यहरु पनि लुटपाटमा संलग्न रहेको खुलेको छ ।

को-को व्यक्ति लुटपाटमा संलग्न थिए भन्ने प्रहरीले नाम सार्वजनिक गरेको छैन । उनले छोरा, सालोलगायत आफ्नै परिवार र आफन्तसँग मिलेर हाइकिङ गएका मानिसको साथमा रहेका सामान र नगद लुट्ने गरेका थिए । 'माइला भन्ने व्यक्ति नै लुटेरा समूहको मुख्य योजनाकार हुन् । उनीहरु धेरैजसो हाइकिङ गर्न आउने ठाउँमा पुगेर लुटपाट गर्थे,' एसपी अधिकारीले भने, 'लुटपाट गरिसकेपछि उनीहरुले लगाएको कपडा फुकालेर झोलामा हाल्ने र अर्कै लगाएर हिँड्ने रहेछन्।'

उनकाअनुसार माइला आपराधिक पृष्ठभूमिकै व्यक्ति हुन् । २०६९ जेठ ८ गते ललितपुरको खोकनामा रहेको बालगृहमा खुकुरी र पेस्तोल लगायत हतियार देखाएर माइलाको समूहले २ लाख ७६ हजार चोरी गरेका थिए । पीडितलाई जबरजस्ती करणीसमेत गरेको कसुरमा उनलाई पक्राउ गरेको थियो । त्यही वर्ष असार १७ गतेदेखि डाँका चोरी तथा जबरजस्ती करणी मुद्दामा ११ वर्ष ६ महिना २४ दिन नख्खु जेलमा बसेका थिए । उनी गत वर्ष माघ ११ गते मात्रै छुटेका थिए । प्रहरीले उनको समूहमा रहेका अन्य व्यक्तिहरुलाई खोजी गरिरहेको छ ।

# प्राथमिक शिक्षक तालिमको अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ नवोदय इनोभेसन सेन्टर, हेटौंडाले सञ्चालन गर्ने एकवर्ष अवधिको प्राथमिक शिक्षक तालिम कार्यक्रमका सहभागीलाई अभिमुखीकरण कार्यक्रम मंगलबार नवोदय शिशुसदनमा सम्पन्न भएको छ ।

कार्यत्रुको उद्देश्य, आवश्यकता र प्रभावबारे प्रस्तुति दिँदै नवोदय इनोभेसन सेन्टरका निर्देशक अव्यक्त खनालले भने, 'हेटौंडालाई शैक्षिक हब बनाउने सपना बोकेर अघि बढिरहेका छौं । यो यात्रामा शैक्षिक रुपान्तरण हाम्रो लक्ष्य हो ।,' उनले स्कूललाई सक्षम शिक्षक उपलब्ध गराउनका लागि एकवर्ष अवधिको तालिम कार्यक्रम सुरु गरिएको बताए । तालिम कार्यक्रमको पाठ्यक्रम, मूल्यांकन प्रणाली प्रयोगात्मक शिक्षण सिकाइबारे बताउँदै खनालले भने, 'राम्रो अवसरले सक्षम शिक्षक खोजिर हेको छ, त्यसका लागि तयारी हो यो कार्यक्रम ।,'

सहभागीलाई सम्बोधन गर्दै उनले यस किसिमको कार्यक्रमको सार्थकताबारे प्रष्ट पारे । नवोदय इनोभेसन सेन्टरको परामर्श सेवा लागू भएका विद्यालयका प्रिन्सिपलले शुभकामना मन्तव्य राख्दै नवोदय इनोभेसन सेन्टरले आजको आवश्यकता पूरा गरेकोमा खुशी व्यक्त गरे । श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहालले भने, 'यो हामीले पाएको अमूल्य अवसर हो, यस्तो अवसर उपलब्ध गराएकोमा नवोदय इनोभेसन सेन्टरलाई धन्यवाद छ ।,' सहभागीलाई शुभकामना दिँदै उनले यस्तो अवसर नगुमाउन आग्रह गरे । १ वर्ष अवधिको डिप्लोमा कोर्ष संयोजक रमिता दर्लामीले तालिम प्रशिक्षकको परिचय गराउँदै भनिन्, 'हामी शिक्षण पेशालाई मर्यादित पेशाको रुपमा स्थापित गराउँदै कामको खोजीमा रहेका सहभागीलाई राम्रो अवसर सुनिश्चित गराउँछौं ।' कार्यक्रममा सहभागीलाई सहजीकरण गर्दै तालिमप्रमुख नरेन्द्रकुमार नगरकोटीले भने, 'हामी शैक्षिक क्रान्तिको यात्रामा छौं, तपाईंहरु त्यसको योद्धा हुनुहुन्छ ।,'

डिप्लोमा कोर्समा उत्साहप्रद सहभागिता रहेकाले २-३ समूह बनाएर तालिम सञ्चालन गर्नुपर्ने परिस्थिति आइपरेको उनले बताए । नवोदय इनोभेसन सेन्टर, हेटौंडाले आगामी २२ गते मंगलबार बाट नियमितरुपमा तालिम सञ्चालन हुने बताएको छ ।

# बागमती प्रदेश लोकसेवा आयोगले कहिले पाउँछ अध्यक्ष ?

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ बागमती प्रदेश लोकसेवा आयोग अध्यक्षविहीन छ । तत्कालीन अध्यक्ष सुरेशमान श्रेष्ठले गत चैत ३ गते उमेरहदका कारण अवकाश लिएसँगै आयोगको अध्यक्ष पदरिक्त बनेको हो ।

बागमती प्रदेश लोकसेवा आयोगका सूचना अधिकारी राजु अर्यालले आयोग अध्यक्षविहीन हुँदा केही सेवा प्रवाहमा असहज भइरहेको बताए । कुनै निर्णय गर्न अध्यक्ष नै चाहिने अवस्था हुनेछ । आयोगको अध्यक्ष बन्नका लागि ऐनको दफा ५ (क) र (ख) अनुसार मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्ने र नियुक्ति हुँदाको समयमा कुनै राजनीतिक दलको सदस्य नभएको हुनुपर्ने व्यवस्था छ । ऐनको दफा ५ (ग) अनुसार अध्यक्ष बन्न ४५ वर्ष र सदस्यको हकमा ३५ वर्ष पूरा भएको हुनुपर्ने छ भने (घ) अनुसार उच्च नैतिकचरित्र भएको योग्यता हुनुपर्ने व्यवस्था छ । प्रदेशका मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलको समितिबाट सिफारिस भएर नयाँ अध्यक्ष नियुक्त हुने प्रावधान भए पनि हालसम्म नियुक्त हुन सकेको छैन । बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सभामुख भुवनकुमार पाठक र प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसबीच सहमति हुन नसकेपछि हालसम्म आयोगको अध्यक्ष नियुक्त हुन नसकेको हो ।

बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव गोविन्द बहादुर कार्कीका अनुसार मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलले समयमा नै सहमति जुटाएर नयाँ अध्यक्ष सिफारिस गर्न नसक्दा हाल प्रदेश लोकसेवा आयोग अध्यक्षविहीन बनेको हो । सरकार परिवर्तन भएकाले नियुक्तिको प्रक्रिया नयाँ ढंगले अगाडि बढ्न सक्ने र मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलबीच सहमति भए चाँडै पनि नियुक्त हुने बताइएको छ ।

मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशसभाका सभामुख र प्रदेशसभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले अध्यक्ष र सदस्यमा नियुक्तिका लागि सिफारिस गर्ने ऐनमा व्यवस्था छ । ऐनको दफा ३ मा व्यवस्था गरिएबमोजिम सिफारिस समितिले आयोगको अध्यक्ष र सदस्य नियुक्तिका लागि निर्णय गरी सरकारलाई जानकारी गराउनेछ । सरकारले प्रदेश प्रमुखसमक्ष नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था छ ।

# रानी सामुदायिक वनद्वारा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहले मंगलवार वृक्षरोपण आयोजना गरेको छ ।

नवौं सामुदायिक वन दिवसको अवसर पारेर समूहले ब्लक नं. ६ मा रहेको विपि गणेशमान स्मृति शान्ति पार्कमा आँप, लिचि, एभोकाडो, नीम, बेल, बडहर, टाँकी र विभिन्न प्रजातिका फूलहरु करिव ५ सय विरुवारोपण गरेको हो । कार्यक्रममा डिभिजन वन कार्यालय, मकवानपुरका डिभिजनल वन अधिकृत राकेशप्रसाद चन्द्रवंशीले वन समूहले सबै क्षेत्रमा गरेको काम उत्कृष्ट रहेको बताए ।

वनको उत्पादकत्व बढाउन र वनलाई जैविक विविधतायुक्त वन बनाउन वनको व्यवस्थापन र वनको सदुपयोग अपरिहार्य रहेको बताए । उपभोक्ता र वन्यजन्तुबीचको द्वन्द्व घटाउन वनमा विभिन्न प्रकारका फलफूल र गैरकाष्ठ वनपैदावारजन्य विरुवा लगाउनु पर्नेमा उनको जोड थियो । उपभोक्ताको चाहना र वनको हैसियतमा सुधार ल्याउनुको साथै पारदर्शीता र जवाफदेहितामा रानी सामुदायिक वनको काम प्रशंसायोग्य रहेको चन्द्रबंशीले बताए ।

कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, लेखराज ढकाल, हेटौंडा-६ का निवर्तमान वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाई, टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-६ का अध्यक्ष बासुदेव खतिवडा, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, चित्रेपानी सामुदायिक वनका अध्यक्ष सूर्यबहादुर घलान, मनकामना दुग्ध उत्पादक सहकारीका अध्यक्ष अर्जुनप्रसाद दाहाल, विभिन्न टोल विकास संस्थाका प्रतिनिधि, महिला समूह, सञ्चारकर्मी, उपभोक्ता लगायतको सहभागिता थियो । कार्यक्रममा खेलाडीलाई खेल सामग्री र महिला समूहलाई स्टेशनरी प्रदान गरिएको थियो ।

# कृषिमा व्यक्तिगत अनुदान रोक्न प्रधानमन्त्रीको निर्देशन

साझाकुरा संवाददाता



हेटौंडा, १५ साउन/ प्रधानमन्त्री केपी शर्मा ओलीले कृषिमा दिइने व्यक्तिगत अनुदान रोक्न निर्देशन दिएका छन् । मंगलबार सिंहदरबारमा सचिवहरुलाई निर्देशन दिँदै प्रधानमन्त्री ओलीले आर्थिक अनुशासन पालना गर्न र हिसाबकिताब चुस्तदुरुस्त राख्न निर्देशन दिएका हुन् ।

उनले सामूहिक अनुदानमा सरकार अलिक उदार नै हुने बताए । 'जस्तो मलखादमा अनुदान । सबै किसानलाई जाने अनुदान हो यो । त्यसकारण ठीक छ,' प्रधानमन्त्री ओलीले भने । तर, व्यक्तिगत अनुदान भने रोक्नुपर्ने उनले बताए । 'गाई पाल्न एक करोड, सुँगर पाल्न एक करोड, भैंसी पाल्न एक करोड फलानालाई अनुदान,' खासगरी कृषि मन्त्रालयमा यस्तो खुब अनुदान हुने भन्दै प्रधानमन्त्री ओलीले भने, 'यस्ता कुरा रोक्नुपर्छ, यो एकदमै स्टप गर्नुपर्छ ।'

सित्तै पैसा दियो भने त्यसले मान्छेलाई बिगार्ने उनको विश्लेषण छ । प्रधानमन्त्री ओलीले सचिवहरुसँग भने, 'प्रोत्साहित गर्ने हो, बरु सस्तो ब्याजमा दिऔं, निर्व्याजी दिऔं ।' यसरी दिएको ऋण पनि सही सदुपयोग भएको छ कि छैन अनुगमन गर्न समेत निर्देशन दिए ।

## भान्जाहरुलाई खुवाइयो खीर

हेटौंडा, १५ साउन/ हेटौंडामा फोटो भिडियोको काम गर्दै आइरहेको द क्यान्डिड फोटो स्टुडियोले मंगलबार साउन १५ खीर खाने दिनको अवसरमा भान्जाहरुलाई खीर खुवाएको छ ।

हेटौंडा उपमहानगर पालिका-११ डाङडुङ्गेमा अवस्थित मामाघर नेपालमा आश्रित भान्जाहरुलाई खीर खुवाइएको स्टुडियोका प्रवन्धक निर्देशक ओमप्रसाद फुयाँलले बताए । 'मंगलबार खीरखाने दिन, आश्रित बालबालिकाका साथ खीर खाने कार्यक्रम गरिएको हो,' फुँयालले भने । 'समाजप्रति उत्तरदायित्व समेत हाम्रो रहेकाले आजको दिनलाई खीरखाने कार्यक्रम गरेका हौं' उनले बताए । खीरखाने कार्यक्रममा स्टुडियोका सम्पूर्ण टिम सहित मामाघर नेपालका प्रतिनिधिको सहभागिता रहेको थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पऱ्यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा
हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुति...

Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा

२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा प्रदान गर्दै आएको यस कम्पनीले अब विद्युतीय सवारीसाधन Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालकः भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना